जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३३ पृष्ठः ४ | २०८३ जेठ ०९ शनिबार (Saturday 23 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जैविक संरक्षण र जीविकोपार्जनका लागि लहानमा बहुउद्देश्यीय संरक्षण पोखरी निर्माण गरिँदै



**मणिलाल विश्वकर्मा**

लहान, ८ जेठ। चुरे क्षेत्रको विनाशसँगै जलवायु परिवर्तनको कारण बढ्दो पानीको संकट न्यूनीकरण गर्दै स्थानीय विपन्न किसानको जीवनस्तर उकास्न सिराहाको लहान नगरपालिका-१५, लग्राहास्थित ढोढना खोलाकिनारमा बहुउद्देश्यीय संरक्षण पोखरी निर्माण थालिएको छ।

राजदेवी चुरे सामुदायिक वन क्षेत्रअन्तर्गत पर्ने ढोढना खोलाकिनारको करिब १० बिघा क्षेत्रफलमा संरक्षण पोखरी निर्माण थालिएको हो। पोखरी निर्माणका लागि सामुदायिक वन उपभोक्ता महासंघबाट १० लाख ५१ हजार रुपैयाँ आर्थिक सहयोग रहेको कार्यक्रम अधिकृत टेकेन्द्र शाहले जानकारी दिए। पोखरी निर्माणका लागि नगरपालिकाले जेसिबी र टिपरको व्यवस्था गर्ने समझदारीबमोजिम एक महिनाभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको उनले बताए।

तीव्र वन विनाशले चुरे क्षेत्रमा पानीका मुहानहरू सुक्न थालेपछि वन्यजन्तु गाउँ पस्ने समस्या बढ्दै गएको उल्लेख गर्दै उनले भने, 'पोखरी निर्माणपछि चुरे क्षेत्र र वन्यजन्तु, जैविक विविधताको संरक्षणसँगै स्थानीय विपन्न किसानको जीविकोपार्जन, पर्या-पर्यटनको प्रवर्द्धन गर्ने लक्ष्य छ।'

पोखरी निर्माणले सिँचाइ सुविधा हुँदा कृषि उत्पादनसमेत बढ्ने लहान- १५ का वडाध्यक्ष

**-बाँकी दुई पेजमा**

## लहान नगरपालिकाले सातामा ६ दिन विद्यालय सञ्चालन गर्ने

लहान, ८ जेठ। लहान नगरपालिकाले पालिका भित्रका सवै विद्यालयहरु आईतबारसमेत सञ्चालन गर्न सूचना प्रकाशन गरेको छ। नगरप्रमुख महेश प्रसाद चौधरीले शुक्रवार सूचना जारी गर्दै आईतबार देखि शुक्रवारसम्म कक्षा सञ्चालन गर्न सूचना प्रकाशन गरेको हो। नगर कार्यपालिका शुक्रवार बसेको निर्णय अनुसार पालिकासवै सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुलाई साविककै समय अनुसार आईतबारदेखि शुक्रवारसम्म साताको ६ दिन विद्यालय सञ्चालन गर्न सूचना गरेको हो।

शिक्षा तथा खेलकुद मन्त्रालयले भने देशैभरीका सम्पूर्ण शैक्षिकसंस्थाहरु सोमबारदेखि शुक्रबारसम्म मात्र सञ्चालन गर्न निर्देशन दिएको छ। माथिल्लो सरकारको निर्देशन उलंघन गर्दै लहान नगरपालिकाले भने ६ दिनसम्म सञ्चालन गर्ने सूचना प्रकाशन गरेको छ।

## मधेस प्रदेशका मुख्यमन्त्री यादवलाई विश्वास मत

जनकपुर, ८ जेठ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले विश्वासको मत प्राप्त गर्नुभएको छ। आज मुख्यमन्त्री यादवले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुभएको हो। मधेस प्रदेशसभाको बैठकमा उहाँले नेपालको संविधानको धारा १८८ को उपधारा २ बमोजिम प्रदेशसभामा विश्वासको पक्षमा ६२ जना प्रदेशसभाका सदस्यहरूले मत दिनुभयो।

विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा ३६ जना प्रदेशसभाका सदस्यहरूको मत परेको मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले प्रदेशसभाको बैठकमा घोषणा गर्नुभएको थियो। साथै, प्रदेशसभामा १०७ सदस्य हुनुहुन्छ। दुई जना सदस्य निलम्बित हुनुहुन्छ भने चार जनाले राजीनामा दिनुभएको छ। अन्य तीन जना भने सभामा अनुपस्थित रहनुभएको सभामुख यादवले जानकारी दिनुभयो।

प्रदेश सरकारमा रहेका जनमत

**-बाँकी दुई पेजमा**

एक छिनको लापरबाही, बन्न सक्छ ठूलो तबाही।
पहिल्यै सोचौं, होऔं सावधान, आगलागीबाट जोगाऔं घरपरिवार।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
- विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
- सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## विदेशी महिला पक्राउ

काठमाडौँ, ८ जेठ। नेपाल प्रहरीले ठमेल क्षेत्रमा अश्लिल क्रियाकलापमा सङ्लग्न सात विदेशी महिलालाई पक्राउ गरेको छ। प्रहरी वृत्त लैनचौरबाट खटिएको टोलीले काठमाडौँ महानगरपालिका-२६ ठमेल क्षेत्रमा जथाभावी बाटो छेकेर अश्लील क्रियाकलाप गर्ने र कार्यक्षेत्रमा रहेका प्रहरीमाथि नै अभद्र व्यवहार गर्ने सात विदेशी महिलालाई आज पक्राउ गरेको हो। जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले ठमेल क्षेत्रमा हिँडडुल गर्ने स्वदेशी तथा विदेशी पर्यटक र सर्वसाधारणलाई अनावश्यक रूपमा बाटो छेकी अश्लील क्रियाकलापसम्बन्धी मोलमोलाइ गरी दुःख हैरानी दिएको आरोपमा पक्राउ गरिएको जानकारी दिनुभयो।

# सम्पादकीय

## निकुञ्ज घुम्ने बाह्य पर्यटक घटे, आन्तरिक बढे

चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्ने बाह्य पर्यटक घटेका छन्। गत आर्थिक वर्षको वैशाखसम्ममा एक लाख ८३० जना विदेशी पर्यटकले निकुञ्ज भ्रमण गरेकामा चालु आवको वैशाखसम्म उक्त सङ्ख्या ८९ हजार ६३० मा झरेको हो। गत वर्ष सार्क मुलुकका १८ हजार ९३३ र तेस्रो मुलुकका ८१ हजार ८९७ जनाले निकुञ्जको भ्रमण गरेका जनाउँदै निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले यस वर्ष सार्क मुलुकका १३ हजार ९९२, तेस्रो मुलुकका ७५ हजार ६३८ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका उल्लेख गर्नुभयो।

बाह्य पर्यटक घटे पनि आन्तरिक पर्यटकमा भने गत वर्षको तुलनामा यस वर्ष बढेका छन्। गत आवको वैशाखसम्म निकुञ्ज भ्रमण गर्ने नेपाली पर्यटक एक लाख तीन हजार ६७२ रहेकामा चालु आवमा यो सङ्ख्या बढेर एक लाख ३७ हजार २४६ पुगेको निकुञ्जका सूचना अधिकारी थापामगरले जानकारी दिनुभयो। यस वर्ष नेपालमा भएको जेनजी प्रदर्शनपछि देखिएका राजनीतिक घटनाक्रम र मध्यपूर्वका देशमा भएको द्वन्द्वका कारण बाह्य पर्यटकको आगमनमा कमी आएको उहाँले बताउनुभयो।

नेपालीहरू पछिल्लो समय घुम्न थालेकाले आन्तरिक पर्यटकको आगमन बढेको सूचना अधिकारी थापामगरको भनाइ छ। उहाँले भन्नुभयो, "सरकारले सातामा दुई दिन बिदा दिएकाले पनि आन्तरिक पर्यटक बढेका हुनसक्छन्।" गत वर्ष फागुन, चैत, वैशाखमा आन्तरिक पर्यटक ३४ हजार २०२ आएकामा यस वर्ष सो समयमा ४७ हजार ६६१ पुगेका उहाँले जानकारी दिनुभयो।

निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनमा अवलोकन भ्रमण गर्न विशेषगरी पर्यटक आउने गर्दछन्। निकुञ्ज र मध्यवर्ती क्षेत्रमा हात्ती सफारी, जिप सफारी, पैदल सफारी, डुङ्गा सयर गर्न पर्यटक आउने गर्दछन्। निकुञ्जमा दुर्लभ एकसिङ्गे गैँडा, पाटेबाघ, भालु, हात्ती, चित्तल, घडियाल गोहीलगायत वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति, सरिसृप हेर्न पर्यटक आउने उहाँले बताउनुभयो।

यस वर्ष निकुञ्ज भ्रमण गर्ने पर्यटकबाट रु २३ करोड पाँच लाख ५० हजार ६०० राजस्व सङ्कलन भएको सूचना अधिकारी थापामगरले जानकारी दिनुभयो। उहाँका अनुसार काठदाउरा बिक्रीबापत रु ७१ हजार ३५०, गैरकाठ वन पैदावर बिक्रीबापत रु एक करोड ९५ लाख ३१ हजार ७५५, दण्डसजायबाट रु १० लाख ७१ हजार ९०४ र अन्य शीर्षकबाट रु १५ लाख २२ हजार ४०५ रकम राजस्व सङ्कलन भएको छ।

# असामान्य वर्षाः प्रि–मनसुनको झरी, सम्भावित सुपर एल निनो र सुक्खा मनसुनको चुनौती

**डा विनोद पोखरेल र डा सुरेश मरहट्टा**

यस वर्ष नेपालको मौसमी अवस्था सामान्यभन्दा निकै फरक देखिएको छ। सामान्यतया मार्चदेखि मेसम्मको (फागुन १६ देखि जेठ १५ सम्म) अवधि प्रि–मनसुन मानिन्छ, जुन समयमा सामान्यतया गड्याङगुडुङ गर्दै छोटो समयको वर्षा, हावाहुरी र केही दिनको अस्थिर मौसम देखिन्छ। तर, यस वर्ष भने मार्चको सुरुदेखि नै लगभग दैनिकजसो वर्षा भइरहेको छ र त्यो क्रम अझै पनि जारी छ। देशका धेरै भागहरूमा लगातार बादल लाग्ने, मध्यमदेखि भारी वर्षा हुने, चट्याङ तथा असिना पर्ने घटनाहरू बारम्बार धेरै ठाउँमा देखिएका छन्। दुई महिनादेखि भइराखेको वर्षाको प्रमुख मौसमी प्रणाली सक्रिय पश्चिमी वायु नै हो।

सामान्यतया जाडो याममा बढी प्रभावकारी हुने पश्चिमी वायु यस वर्ष प्रि–मनसुन अवधिमा पनि अत्यन्त सक्रिय देखिएको छ। यसले नेपालभरि लामो समयसम्म लगातार वर्षा गराई राखेको छ। देशका विभिन्न मौसम केन्द्रहरूले पछिल्ला दुई महिनामा उल्लेखनीय वर्षा रेकर्ड गरेका छन्। केही वर्षदेखि हिउँदे (१५ मङ्सिर देखि १५ फागुनसम्म) वर्षामा उल्लेखनीय कमि आएको देखिन्छ तर चैत वैशाखमा वर्षाको मात्रा राम्रैसँग बढेको पनि छ। जल तथा मौसम विज्ञान विभागको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रहेको वर्षा मापक केन्द्रको आँकडा हेर्दा यो वर्ष २०२६ को चार महिना जनवरी, फरवरी, मार्च र अप्रिलको वर्षा अस्वभाविक होइन।

सन् १९९१ देखि २०२० (३० वर्ष)सम्म को यी चार महिनाको औसत कूल वर्षा हेर्दा १२६ मि मि रहेकामा यो वर्षा २०२६ मा यो चार महिनाको अवधिमा जम्मा १२० मि मि वर्षा रेकर्ड गरिएको छ। यसैगरी विगत ३० वर्षामा औसत २० दिन वर्षा हुने गरेकामा यो वर्ष २० दिन नै वर्षा रेकर्ड गरिएको छ। विगत १० वर्ष जस्तै सन् २०१७, २०१९, २०२० र २०२२, मा औसतभन्दा बढी वर्षा भएको छ। यसमा सन् २०१९ मा २२५ मि मि (४० दिन ) र सन् २०१६, २०१८, २०२१, २०२३, २०२४ र २०२५ मा औसतभन्दा कम वर्षा भएको छ। त्यसमध्ये पनि सन् २०१६, २०२२ र २०२४ मा ५० मि मि भन्दा कम वर्षा भएको थियो। यसैगरी २०२४ मा जम्मा आठ दिन मात्र वर्षा भएको थियो।

मध्यम अवधिको मौसम पूर्वानुमानले आगामी दुई हप्तासम्म पनि वर्षा प्रणाली सक्रिय रहने सङ्केत दिएको छ। अर्थात् जेठ महिनाको अन्त्यसम्म धेरै स्थानहरूमा वर्षा जारी रहने सम्भावना देखिन्छ। यद्यपि, त्यसपछि भने मौसमको ढाँचा अचानक परिवर्तन हुने सङ्केतहरू देखिन थालेका छन्। जुन महिनादेखि क्रमशः सुक्खा अवस्था विकसित हुनसक्ने अनुमान गरिएको छ, जुन आगामी मनसुनका लागि चिन्ताजनक सङ्केत हुन सक्छ।

यस वर्षको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको प्रशान्त महासागरमा विकसित हुँदै गएको सम्भावित 'सुपर एल निनो' अवस्था हो। एल निनो एक जलवायु प्रणाली हो, जसमा मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम सामान्य भन्दा धेरै हुन्छ। जब एल निनो अत्यधिक बलियो हुन्छ अर्थात् मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम औसतभन्दा दुई डिग्री वा त्योभन्दा बढी हुन्छ, त्यसलाई 'सुपर एल निनो' भनिन्छ। अनुसन्धानले देखाएको छ कि बलियो एल निनोका वर्षहरूमा दक्षिण एसियाली मनसुन प्रायः कमजोर हुने गर्छ र नेपालमा पनि सुपर एल निनोको भएका पछिल्ला वर्षहरुमा औसतभन्दा धेरै कम वर्षा भएको तथ्याङ्क देखिन्छ।

आगामी छ महिना (सम्भावना त्योभन्दा बढी पनि) सम्मको संसारभरको मौसम यही एल निनोले प्रभाव पर्ने देखिन्छ। त्यसैको कारणले तापक्रम बढ्ने, कुनै ठाउँमा सुख्खा त कुनै ठाउँमा भीषण वर्षा हुने र कृषि उत्पादनलाई सबैभन्दा धेरै प्रभाव पार्ने देखिन्छ। सबैभन्दा धेरै असर यो मनसुनमा एसियामा सुक्खा हुने हुँदा धान उत्पादन घट्ने सम्भावना छ।

नेपालका लागि मनसुन केवल मौसमीय घटना मात्र होइन, अर्थतन्त्रको आधार पनि हो। नेपालको कृषि प्रणाली वर्षामा अत्यधिक निर्भर छ। धान, मकैलगायतका प्रमुख बालीहरू समयमै पर्ने मनसुन वर्षामा आधारित हुन्छन्। यदि यस वर्ष मनसुन कमजोर भयो भने धान रोपाइँमा ढिलाइ, उत्पादनमा गिरावट, तथा खाद्य सुरक्षामा चुनौती आउन सक्छ। यो वर्ष देखिएको ढाँचाले वर्षाको समयगत स्थानान्तरण भएको सङ्केत दिन्छ। पूर्व–मनसुन अवधिमा अत्यधिक वर्षा भइरहेको छ भने मुख्य मनसुन समयमा कम वर्षा हुनसक्ने सम्भावना बढ्दो छ।

प्रि–मनसुनको वर्षाले तत्कालका लागि माटोमा आर्द्रता बढाउने र केही बालीलाई फाइदा पुऱ्याउने भए पनि, दीर्घकालीन रूपमा मनसुनकै वर्षा कृषि उत्पादनका लागि निर्णायक हुन्छ। विशेष गरी असार–साउनमा पर्याप्त पानी नपरे धानखेतीमा ठूलो असर पर्न सक्छ। यसको असर कृषि क्षेत्रमा मात्र सीमित रहने छैन। नेपालको समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको ठूलो योगदान भएकाले उत्पादन घट्दा खाद्यान्नको मूल्य वृद्धि हुन सक्छ। आयात निर्भरता बढ्न सक्छ र व्यापार घाटा थप गहिरिन सक्छ। ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीमा पनि प्रत्यक्ष असर पर्नेछ।

यसको प्रभावका कारण जलविद्युत् क्षेत्रमा पनि चुनौती थपिन सक्छ। नेपालका अधिकांश जलविद्युत् आयोजना नदीको बहावमा आधारित छन्। यदि मनसुन कमजोर भयो भने नदीमा पानीको मात्रा घट्न सक्छ, जसले विद्युत् उत्पादनमा कमी ल्याउन सक्छ। ऊर्जा सङ्कटको सम्भावना बढ्नुका साथै औद्योगिक उत्पादन र दैनिक जीवनमा समेत असर पर्न सक्छ। पर्यटन क्षेत्रमा पनि दोहोरो प्रभाव देखिन सक्छ। पूर्व–मनसुनमा लगातार वर्षाले ट्रेकिङ, हिमाल आरोहण र आन्तरिक पर्यटनमा बाधा पुऱ्याउन सक्छ। त्यसपछि यदि लामो सुख्खा अवस्था विकसित भयो भने हिमाली तथा प्राकृतिक जलस्रोतहरूको सौन्दर्य र आकर्षणमा असर पर्न सक्छ।

यस परिस्थितिमा सरकार र सम्बन्धित निकायहरूले समयमै रणनीतिक तयारी गर्नु अत्यावश्यक देखिन्छ। कृषि क्षेत्रमा सिँचाइ व्यवस्थाको विस्तार, कम पानी चाहिने बालीहरूको प्रवर्द्धन तथा मौसमअनुकूल खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता छ। किसानहरूलाई समयमै सिजनल पूर्वानुमान र मौसम सूचना उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ।

त्यसैगरी, जलस्रोत व्यवस्थापनलाई दीर्घकालीन रूपमा पुनः सोच्नुपर्ने आवश्यकता देखिएको छ। जलाशय निर्माण, वर्षा पानी सङकलन, तथा बहुउद्देश्यीय सिँचाइ योजनाहरूमा लगानी बढाउनुपर्ने अवस्था आएको छ। यो अवस्था जलवायु परिवर्तनसँग पनि जोडिएको हुनसक्छ। पछिल्ला वर्षहरूमा नेपालमा मौसमीय चरम घटनाहरू अत्यधिक वर्षा, लामो खडेरी, असिनापानी, गर्मीको लहर बढ्दै गएका छन्। यस वर्षको असामान्य प्रि–मनसुनको वर्षा र सम्भावित सुख्खा मनसुन भविष्यमा अझ जटिल जलवायु चुनौतीहरूको सङ्केत हुन सक्छ।

अहिले देखिएको लगातार वर्षा तत्कालका लागि राहतजस्तो देखिए पनि, त्यसले आगामी कमजोर मनसुनको सङ्केत दिन सक्छ। यदि सम्भावित सुपर एल निनोका कारण मनसुन कमजोर भयो भने त्यसको असर कृषि, ऊर्जा, पर्यटनदेखि समग्र राष्ट्रिय अर्थतन्त्रसम्म फैलिन सक्छ। त्यसैले अहिलेको मौसमीय अवस्थालाई सामान्य घटनाका रूपमा नलिएर, वैज्ञानिक विश्लेषण र दीर्घकालीन तयारीका साथ अघि बढ्नु समयको आवश्यकता हो। यति हुँदाहुँदै पनि नेपालमा एल निनोको समयमा पनि मनसुनमा वर्षा राम्रै हुने थोरै सम्भावना भने बाँकी रहन्छ किनकी नेपालमा मनसुनको अवस्था भारतको भन्दा फरक देखिन्छ। त्यसैले एउटा सकारात्मक सोच राख्ने ठाउँ भने बाँकी नै राखेर पूर्वानुमान गरिएको मौसमी प्रणाली भन्दा धेरै वर्षा हुने आशा गरौं। (लेखकद्वय जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ)

## *जैविक संरक्षण...*

तेजनारायण चौधरीले बताए। 'पोखरी निर्माणपछि स्थानीय कृषकलाई ठुलो राहत हुनेछ,' उनले भने, 'पोखरीको पानीले चुरेको काखमा रहेको लाग्राहासहित वरपरका करिब पाँच सय बिघा खेतमा सिँचाइ सुविधा पुग्नेछ।' लहान नगरपालिकाको समन्वयमा केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) र राष्ट्रिय कृषक समूह महासंघलगायतका संस्थाहरूको सहकार्यमा सञ्चालित 'संरक्षण परियोजना'अन्तर्गत पोखरी निर्माण थालिएको उनले बताए।

**'मुहान संरक्षण नगरको मुख्य प्राथमिकता'**

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले चुरे क्षेत्रको पर्यावरण र सुक्दै गएका पानीका मुहान जोगाउने कार्यलाई नगरपालिकाले मुख्य प्राथमिकतामा राखेको बताए। चुरे क्षेत्रको संरक्षण र स्थानीयको जीवनस्तर उकास्न एकीकृत प्रयास गरिरहेको उल्लेख गर्दै उनले भने, 'चुरेको संरक्षण जीवनमरणको सवाल बनेको छ, वनक्षेत्रमा पानीको संकट हुँदा पर्यावरण मात्र होइन, तल्लो तटीय क्षेत्रको खेतीपातीसमेत संकटमा पर्छ।'

उक्त संकट निवारणका लागि विभिन्न विकास साझेदार संस्थाहरूसँगको समन्वयमा चुरे क्षेत्रमा संरक्षण पोखरी निर्माणलाई अभियानकै रूपमा अघि बढाएको उनले बताए। पोखरीमा बर्खाको पानी भण्डारण गरी पहिचान गरिएका विपन्न किसानले आफ्नो खेतबारीमा सिँचाइ गर्नुका साथै त्यसले जमिन पनि रिचार्ज हुने भएकाले दीर्घकालीन रूपमा पानीको अभाव हुन नदिन पोखरी निर्माण थालिएको उनले बताए।

त्यसअघि लहान– १५ र १८ मा मुतनी उपजलाधार व्यवस्थापन समन्वय समितिमार्फत बेतहा र विचारीबाहेक स्थानीय भरोसिया खोला, तेतराही, पकडियागढ, कोइरालो खोला, बाबाजी, मुतनी खोला, सामुदायिक वन क्षेत्रमा ६ वटा संरक्षण पोखरी र तटबन्ध निर्माण गरिएको समितिले जनाएको छ। समितिका अनुसार राजदेवी चुरे वनको संरक्षण पोखरी निर्माणपछि बेतहामा पनि निर्माणका लागि सम्झौता भइसकेको छ।

सामुदायिक वन समूहअन्तर्गत गठन गरिएका ३२ वटा कृषक समूहमा आबद्ध रहेका ७५० किसानमध्ये सम्बन्धित वन समूहको सम्पन्नता स्तरीकरणको आधारमा 'घ' वर्गका अति विपन्न, गरिब, दलित र एकल महिला गरी चार सयजनालाई किसान कार्ड वितरणसँगै आय–आर्जनसम्बन्धी काम गर्न जनही ३५ हजार रुपैयाँको दरले एक करोड ४० लाख रुपैयाँ बिउ पुँजी उपलब्ध गराइएको महासंघले जनाएको छ।

'उक्त रकम परिचालन गरी विपन्न किसानले इच्छाएको व्यापार–व्यवसाय गरी आयआर्जनसम्बन्धी काम गरिरहेका छन्' कृषक समूह महासंघका कार्यक्रम संयोजक दिलीपकुमार साहले भने, 'मुतनी उपजलाधार क्षेत्रमा पर्ने विपन्न, गरिब, दलित र एकल महिला किसानको आर्थिक अवस्था उकास्न विभिन्न आय–आर्जनमूलक क्रियाकलापहरू सञ्चालन गरिएको छ।'

## *मधेस प्रदेशका...*

पार्टीले गत वैशाख २३ गते मुख्यमन्त्री यादवलाई दिएको विश्वासको मत फिर्ता लिएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री यादवले विश्वासको मत लिनुभएको हो। मुख्यमन्त्री यादवलाई नेपाली कांग्रेसका २२, नेकपा (एमाले) २४, नेपाली कम्युनिष्ट पार्टी १५ र नेपाल सङ्घीय समाजवादी पार्टी नेपालका एक सदस्यले विश्वासको मत दिनुभएको थियो।

# फरार प्रतिवादी सात वर्षपछि पक्राउ

चितवन, ८ जेठ। सात वर्षअघि फरार रहेका प्रतिवादी पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय चितवनले उनलाई बाराको फेटा गाउँपालिका–१ बाट पक्राउ गरेको हो। कार्यालयका सूचना अधिकारी मनिष श्रेष्ठका अनुसार पक्राउ पर्नेमा बाराको फेटा गाउँपालिका–४ का ३० वर्षीय पन्चदेव महरा रहेका छन्। उहाँका अनुसार २०७६ चैत २३ गते खैरहनी नगरपालिका–९ स्थित नेपाल ग्यास उद्योग गण्डकीको कम्पाउण्डभित्र रहेको मजदुर बस्ने कच्ची घरको कोठाभित्र फेटा गाउँपालिका–३ का ४६ वर्षीय सखिचन महरा मृत फेला परेका थिए।

उक्त घटनामा संलग्न रहेको आरोपमा उनलाई इलाका प्रहरी कार्यालय रत्ननगर र इलाका प्रहरी

–बाँकी अन्तिम पेजमा

# घरमै दूध बिक्न थालेपछि किसान उत्साहित

महोत्तरी, ८ जेठ। बर्दिबास नगर कार्यपालिकाको अग्रसरतामा किसान सहकारी संस्थाले घरघरै पुगेर दूध सङ्कलन गर्न थालेपछि यहाँका किसान उत्साहित भएका छन्। किसानले उत्पादन गरेको दूधका लागि बजार सुनिश्चित हुनुका साथै अनुदान पनि प्राप्त गर्ने भएका छन्।

सहकारी संस्थाले घरघरबाटै सङ्कलन गर्ने दूधको मासिक भुक्तानीसँगै नगर कार्यपालिकाको कार्यालयले प्रतिलिटर दुई रूपैयाँ अनुदान दिएपछि किसान मख्ख छन्। "दूधका लागि पशुपालन गर्न घाँस र चरनको सुविधा भए पनि बजार सुनिश्चित नहुँदा हैरानी थियो", बर्दिबास–३ कालापानीका किसान बालकिशोर रायमाझी भन्नुहुन्छ, "अब त नगर कार्यपालिकाको कार्यालयकै रोहबरमा संस्थाले दूध लिने व्यवस्था भयो, यसले धेरै सजिलो भएको छ।" संस्थाले गत वैशाखको तेस्रो सातादेखि घरघरमै पुगेर दूध सङ्कलन थालेको हो।

यसअघि होटल तथा चिया पसलमा दूध दिएर भुक्तानी लिन सास्ती व्यहोरेका किसान अहिले महिना अन्त्य हुनबित्तिकै संस्थामै खोलिएको खातामा एकमुष्ट रकम जम्मा हुने व्यवस्थाले दङ्ग छन्। "न दूध पुर्‍याउन जाने झन्झट, न भुक्तानीमा कचकच", बर्दिबास–६ किसाननगरका किसान राजबाबु महतो भन्नुहुन्छ, "यो टिकाउ भइदिए हुन्थ्यो।" संस्थागत काम हुँदा यो टिकाउ हुने किसानको आस छ।

संस्थाले दूध उत्पादक किसानलाई अनिवार्य सेयर सदस्यता लिनुपर्ने व्यवस्था गरेको छ। यसले संस्थाको गतिविधिमा किसानको नियमित रेखदेख पुग्ने र अपनत्व बढ्ने विश्वास लिइएको छ। त्यसैगरी, बर्दिबास नगर कार्यपालिकाको कार्यालयले नै पाँच लाख रकमको सेयर सदस्यता लिनसँगै दूध सङ्कलन, भण्डारण र वितरण व्यवस्था प्रयोजनका सामग्रीसमेत उपलब्ध गराएको छ। "किसान सहकारी संस्थालाई वास्तविक किसानसँग जोडेर सुदृढ गराइन पहलकदमी लिइएको हो", बर्दिबास नगरप्रमुख प्रल्हादकुमार क्षेत्री भन्नुहुन्छ, "यसले किसान लाभान्वित हुने विश्वास लिएका छौँ।" पाँच दशकअघि स्थापित साझा संस्थालाई क्रियाशील बनाएर किसानसँग जोड्न किसान सहकारी संस्थामा परिवर्तित गरिएको हो।

सहकारी संस्थालाई सुदृढ बनाइँदै पशुपालन र दूध उत्पादनलाई टेवा पुर्‍याउन र यो व्यवसायलाई प्रवर्द्धन गर्न नगर कार्यपालिकाले संस्थागत प्रयत्न थालेको क्षेत्रीको भनाइ छ। "अहिले पशुपालन र दूध उत्पादक किसानलाई प्रत्यक्ष लाभ र हौसला हुनेगरी अनुदानको व्यवस्था गरिएको छ", उहाँ भन्नुहुन्छ, "नगरपालिका किसानका सबै उत्पादनको बजार सुनिश्चित गर्न लागिपरेको छ।"

संस्थाले अहिले किसान सरोकारका दुईवटा कार्यक्रम सञ्चालनमा ल्याएको छ। दूध सङ्कलन र बेसारखेती प्रवर्द्धन। यी दुवै कार्यक्रममा बर्दिबास नगर कार्यपालिकाको कार्यालयको साथ पाइएको संस्थाका अध्यक्ष भानुभक्त पोखरेल बताउनुहुन्छ। दूध सङ्कलन बर्दिबास नगर क्षेत्रका १४ वटै वडाका घरघरबाट गरिने संस्थाले जनाएको छ। "अहिले दूध सङ्कलन ३०० लिटरको नजिक छ, हामी यसलाई केही महिनाभित्रै ५०० लिटर नघाउने योजनामा छौँ", अध्यक्ष पोखरेल भन्नुहुन्छ, "हामीकहाँ (संस्थामा) दूध र दूधका परिकारको माग उच्च छ।" अहिले दूधका विभिन्न परिकार (पनिर, खुवा, दही, दूध, घिउ) बनाएर उपभोक्तालाई सुलभ मूल्यमा वितरण भइरहेको उहाँले बताउनुभयो।

यो व्यवस्थाले दूध उत्पादन प्रयोजनले पशुपालन गर्ने किसान उत्साहित भएका छन्। किसान अब दुधालु गाईभैँसी थप्ने योजनामा छन्। बर्दिबास जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको स्थानीय तह हो। यहाँ पोसिलो घाँस पाइने र चरन क्षेत्र पनि हुँदा वस्तुपालन सहज हुने बर्दिबास–१४ का रामकुमार अधिकारी बताउनुहुन्छ।

त्यसैगरी, संस्थाले बेसारखेतीको अवधारणा पनि बढाएको छ। प्राङ्गारिक विधिबाट बेसारखेती गरिन सहकारीमार्फत बीउ किन्न सहुलियत दिने र उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने जिम्मा नगर कार्यपालिका कार्यालयले लिएको सहकारीका अध्यक्ष पोखरेलले बताउनुभयो। दूध र बेसारखेतीको उत्पादनमा बिचौलियाको चलखेल नरहनेगरी सोझै किसानलाई लाभान्वित बनाउन यो कार्यक्रमले सघाउ पुर्‍याउने अपेक्षा गरिएको छ।

बेसारखेती गर्ने किसानलाई बीउ खरिदका लागि निर्ब्याजी ऋणको व्यवस्था गरिएको संस्थाले जनाएको छ। यसपालि ३० बिघा जति बेसारखेती गर्ने किसानले कबुलियत गरेका अध्यक्ष पोखरेलले जानकारी दिनुभयो। संस्थाले थालेको दूध सङ्कलन र बेसारखेतीको कार्यक्रमले सामूहिक लगानी र सहकार्य बढाउनसँगै किसानको उत्पादनको बजार सुनिश्चित गरेको छ। बर्दिबास पशुपालन र बेसारखेती दुवैका लागि उर्वर थलो मानिन्छ। यो कार्यक्रमले अब आफ्नो उत्पादनको बजार र मूल्य सुनिश्चित गर्नसँगै समयमै उत्पादनको रकम पाउने विश्वास किसानले लिएका छन्।

# सुनसरीमा नेपाली सेनाको एकीकृत विपद् प्रतिकार्य

सुनसरी, ८ जेठ। सुनसरीको रामधुनी नगरपालिका–७ स्थित चौसट्ठीबिघा (रास ताल)मा एकीकृत जिल्ला विपद् प्रतिकार्य 'अभ्यास मनसुन–६' सम्पन्न गरेको छ। मनसुनको समयमा कोशी प्रदेशमा हुनसक्ने सम्भावित प्राकृतिक विपद्लाई मध्यनजर गर्दै श्री नं २ बाहिनी अ।को आयोजनामा सम्पन्न अभ्यासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न सरकारी र सरोकारवाला निकायहरूको सहभागिता रहेको थियो।

पूर्वी पृतना हेडक्वार्टर इटहरीका पृतनापति गौरवकुमार केसीले गत वर्ष कोशी प्रदेशका इलाम र झापामा आएको ठूलो बाढीपहिरो तथा कोशी क्षेत्रमा देखिएको जटिल बाढीजन्य अवस्थालाई मध्यनजर गर्दै यस्ता अभ्यास समय समयमा सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले यस्ता अभ्यासले खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

हालको मनसुनलाई लक्षित गर्दै पूर्वी पृतना हेडक्वार्टर इटहरीमा एउटा हेलिकप्टरसमेत तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो। उहाँले बाढीपहिरोजस्ता विपद्का समयमा त्यसलाई तत्काल परिचालन गर्न सकिने बताउनुभयो। पृतनापति केसीले विपद् व्यवस्थापनमा स्थानीय समुदायको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै स्थानीयवासीको सक्रिय सहभागिता, क्षमता विकास तथा पूर्वाधार निर्माणमा जोड दिनुभयो। स्थानीय तह र समुदाय सक्षम भएमा विपद्का घटनामा तत्काल उद्धार तथा राहत कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिने उहाँको भनाइ थियो।

विपद्को उच्च जोखिममा रहेको कोशी प्रदेशमा बर्सेनि विभिन्न प्रकारका विपद्का घटना हुने गरेकाले यस्ता अभ्यास अत्यन्त आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। स्थानीय समुदायको सहकार्य तथा सुरक्षा निकायहरूको एकीकृत प्रयासमा सञ्चालन गरिने यस्ता अभ्यासले भविष्यमा आउने बाढीजन्य विपद्मा प्रभावकारी प्रतिकार्य गर्न महत्त्वपूर्ण सहयोग पुग्ने उहाँको भनाइ थियो। अभ्यासका क्रममा विपद् उद्धार तथा व्यवस्थापनसम्बन्धी विभिन्न सामग्री प्रदर्शन गरिएको थियो। मनसुनका बेला बाढी, डुबान, कटान तथा अन्य प्राकृतिक प्रकोपबाट हुनसक्ने जोखिमलाई समयमै व्यवस्थापन गर्न र उद्धार संयन्त्रलाई थप प्रभावकारी बनाउन अभ्यास सञ्चालन गरिएको सेनाले जनाएको छ।

अभ्यासका क्रममा सम्भावित विपद्का घटनाको कृत्रिम अवस्था सृजना गरी उद्धार, राहत व्यवस्थापन, घाइतेको उद्धार तथा समन्वयका विभिन्न पक्षको प्रदर्शन गरिएको थियो। कार्यक्रममा श्री भगवती गण, श्री शिवदल गण, श्री कालीशक्ति गण, श्री सर्वभाग्य दल गण, अमरदल गण, भीमकाली गुल्म तथा नं १ विपद् व्यवस्थापन गणलगायतका विभिन्न गण तथा गुल्मका नेपाली सेनाका विपद् उद्धार टोलीको सहभागिता रहेको थियो।

सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरे, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख प्रहरी उपरीक्षक केशवकुमार थेबेलगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो।

# विद्यालयको नाममा रहेको जमिनमा बस्ती विस्तार

झापा, ८ जेठ। सरकारले सार्वजनिक तथा सरकारी स्वामित्वको जमिन संरक्षण र अभिलेखीकरण अभियान तीव्र बनाइरहेका बेला पूर्वी नेपालका विभिन्न जिल्लामा विद्यालयका नाममा रहेका सयौँ बिघा जमिन अतिक्रमण भएको छ। झापा गाउँपालिकामा विद्यालयको स्वामित्वमा रहेको जग्गामा सिङ्गो बस्ती बसोबास गरिरहेको विवरण सार्वजनिक भएको हो। झापा गाउँपालिका–२ स्थित कुवाडीदेवी माध्यमिक विद्यालयको नाममा रहेको करिब ११ बिघा १७ कट्ठा जमिनमध्ये ठूलो हिस्सामा स्थानीयले घरटहरा निर्माण गरी बसोबास गर्दै आएका छन्। विद्यालय प्रशासनका अनुसार उक्त क्षेत्रमा हाल ६५ परिवार बसोबास गरिरहेका छन्।

सङ्घीय सरकारको मन्त्रिपरिषद् निर्णयअनुसार सार्वजनिक जग्गाको डिजिटल अभिलेख व्यवस्थित गर्ने प्रक्रिया सुरु भएपछि विद्यालयले आफ्नो नाममा रहेको जग्गाको वास्तविक अवस्था अद्यावधिक गर्न सार्वजनिक सूचना जारी गरेको थियो। विद्यालयले सात दिनभित्र आवश्यक कागजात तथा विवरणसहित सम्पर्कमा आउन आग्रह गरे पनि अधिकांश परिवार सम्पर्कमा नआएका कुवाडीदेवी माध्यमिक विद्यालयले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक मुकेशकुमार कर्णका अनुसार सूचना जारी गरेपछि हालसम्म सातदेखि आठ परिवार मात्रै सम्पर्कमा आएका छन्। "जग्गामा बसोबास गरिरहनुभएका धेरैजसो व्यक्तिहरू सम्पर्कमा आउनुभएको छैन", उहाँले भन्नुभयो, "यसले समस्या समाधानको प्रक्रिया थप जटिल बन्ने देखिएको छ।" विद्यालय प्रशासनका अनुसार हाल विद्यालय व्यवस्थापन समिति गठन नभएकाले तत्काल थप निर्णय लिन कठिन भएको छ। समिति गठन भएपछि पुनः सूचना जारी गरेर आवश्यक प्रक्रिया अघि बढाइने तयारी गरिएको प्रधानाध्यापक कर्णले जानकारी दिनुभयो।

पूर्वी नेपालका विभिन्न जिल्लामा विद्यालय तथा क्याम्पसका नाममा रहेको ठूलो क्षेत्रफलको जमिनमा बस्ती बसिसकेको तथ्यसमेत सार्वजनिक भएको छ। पाराखोपी माध्यमिक विद्यालय, आठराई–तेह्रथुमको नाममा रहेको १२० बिघा चार कट्ठा तीन धुर, मेची बहुमुखी क्याम्पस भद्रपुरको १२६ बिघा, करफोक माध्यमिक विद्यालय इलामको ८४ बिघा, आदर्श विद्या मन्दिर घैलाडुब्बाको ८७ बिघा, जनता प्राथमिक विद्यालय शरणामतिको २७ बिघा, महेन्द्र माध्यमिक विद्यालय पन्थापाडाको २७ बिघा तथा डिल्लीराज माध्यमिक विद्यालयको २१ बिघा जमिनमा बसोबास विस्तार भएको झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले जानकारी दिनुभयो।

स्थानीय तहका जानकारहरूका अनुसार वर्षौंदेखि भूमिहीन तथा विपन्न परिवार सार्वजनिक तथा विद्यालयको जमिनमा बस्दै आएका छन्। प्रारम्भमा अस्थायी रूपमा सुरु भएको बसोबास समयसँगै स्थायी बस्तीमा परिणत भएको स्थानीय बताउँछन्। कतिपय स्थानमा राजनीतिक संरक्षण तथा प्रशासनिक निष्क्रियताका कारण अतिक्रमण नियन्त्रण बाहिर पुगेको स्थानीयको भनाइ छ। सरकारले पछिल्लो समय सार्वजनिक जमिन संरक्षणलाई प्राथमिकतामा राख्दै डिजिटल अभिलेख तयार गर्ने, अतिक्रमण पहिचान गर्ने तथा आवश्यक परे खाली गराउने नीति अघि बढाएको छ। वन क्षेत्र, नदी उकास, गुठी तथा विद्यालयका नाममा रहेका जग्गाको संरक्षणका लागि सम्बन्धित निकायलाई सक्रिय बनाइएको छ।

शिक्षासम्बन्धी सरोकार भएका निकायका प्रतिनिधिका अनुसार विद्यालयका नाममा रहेको जमिन अतिक्रमण हुँदा शैक्षिक पूर्वाधार विस्तारमा प्रत्यक्ष असर परेको कावा अध्यक्ष थपलियाले बताउनुभयो। कतिपय विद्यालयले खेलमैदान, भवन तथा अन्य संरचना निर्माण गर्न नसक्ने अवस्था सिर्जना भएको उहाँहरू बताउनुहुन्छ। झापा गाउँपालिकाको पछिल्लो घटनाले सार्वजनिक सम्पत्तिको संरक्षण, भूमिहीन व्यवस्थापन र राज्यको कार्यान्वयन क्षमताबीच सन्तुलन कायम गर्नु चुनौतीपूर्ण बन्दै गएको जानकारहरू बताउँछन्।

# जैविक विविधताको संरक्षण दिगो विकास र मानव कल्याणसँग जोडिएको छः मन्त्री चौधरी

काठमाडौँ, ८ जेठ। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जैविक विविधताको संरक्षण नेपालको सन्दर्भमा केवल वातावरणीय मुद्दा मात्र नभई दिगो विकास र मानव कल्याणसँग प्रत्यक्ष रूपमा जोडिएको विषयका रूपमा रहेको उल्लेख गर्नुभएको छ। अन्तरराष्ट्रिय जैविक विविधता दिवस (मे २२) को अवसरमा आज शुभकामना सन्देश व्यक्त गर्दै मन्त्री चौधरीले आगामी दिनमा जैविक विविधता संरक्षणलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रगत समन्वयलाई सुदृढ बनाइने बताउनुभयो। उहाँले त्यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता औँल्याउनुभयो। नेपाल विसं २०५० देखि जैविक विविधता महासन्धिको पक्ष राष्ट्रका रूपमा रहँदै आएकामा हरेक वर्ष जस्तै यस वर्ष पनि विश्वव्यापी प्रभावका लागि स्थानीय पहल भन्ने नाराका साथ आज देशभर यो दिवस मनाइँदै छ।

मन्त्री चौधरीले जैविक विविधताको विषय जलवायु परिवर्तन र प्रदूषणसँगै विश्वव्यापी तीन प्रमुख सङ्कटमध्ये एक रहेको बताउँदै यसले संरक्षणलाई प्राथमिकताको विषय बनाएको उल्लेख गर्नुभयो। उहाँले नेपालको सन्दर्भमा जैविक विविधता संरक्षणले खाद्य सुरक्षा, पानीको उपलब्धता, जलवायु सन्तुलन, माटोको उर्वरता तथा समग्र पारिस्थितिक प्रक्रियाको सन्तुलन कायम गर्न महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

नेपालले जैविक विविधता संरक्षणमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको जनाउँदै मन्त्री चौधरीले लोपोन्मुख बाघ, गैँडाजस्ता प्रमुख प्रजातिको सङ्ख्या वृद्धि, संरक्षित क्षेत्रहरूको विस्तार, सामुदायिक वन व्यवस्थापनमार्फत स्थानीय सहभागिता अभिवृद्धि तथा पारिस्थितिक प्रणाली संरक्षणलगायत सफल अभ्यासहरू यसका उदाहरणका रूपमा रहेका उल्लेख गर्नुभयो। "यी उपलब्धिसँगै महत्वपूर्ण चुनौतीहरू पनि विद्यमान छन्। पूर्वाधार विकास र संरक्षणबीच सन्तुलन कायम गर्नु, बढ्दो मानव–वन्यजन्तु द्वन्द्वको प्रभावकारी व्यवस्थापन, कृषि, जल एवं खर्क जैविक विविधता तथा अन्य जैविक विविधताको संरक्षण, संरक्षित क्षेत्र र वनको व्यवस्थापन तथा जैविक स्रोतबाट प्राप्त हुने लाभको न्यायोचित र समतामूलक बाँडफाँट सुनिश्चित गर्नु अझै चुनौतीका रूपमा छन्", मन्त्री चौधरीले सन्देशमा उल्लेख गर्नुभएको छ।

# लहान नगर अस्पताल निर्माण अन्तिम चरणमा



सिरहा, ८ जेठ। यहाँको लहान नगरपालिका–१० मा निर्माणाधीन लहान नगर अस्पतालको भवन निर्माणकार्य अन्तिम चरणमा पुगेको छ। स्थानीय नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ तीव्रगतिमा अघि बढाइएको उक्त अस्पतालको भौतिक पूर्वाधार निर्माण करिब ८० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ। नगरपालिका र निर्माण व्यवसायीबीच भएको सम्झौताअनुसार आगामी असार १५ गतेभित्रै भवन निर्माण सम्पन्न गरी पालिकालाई हस्तान्तरण गर्ने तयारी भइरहेको छ। हाल लहानमा प्रादेशिक अस्पताल सञ्चालनमा छ। तर, उक्त अस्पतालमा सिरहाका मात्र नभई छिमेकी जिल्ला सप्तरी र उदयपुरसम्मका नागरिक उपचारका लागि आउने गरेका छन्। तीनवटा जिल्लाको साझा उपचार केन्द्रजस्तो बनेकाले प्रादेशिक अस्पतालमा दैनिक रूपमा बिरामीको अत्यधिक चाप हुने गरेको छ, जसका कारण सर्वसाधारणले समयमा पालो नपाउने र सास्ती खेप्नुपर्ने बाध्यता छ।

अब सुविधासम्पन्न नगर अस्पताल बनेपछि प्रादेशिक अस्पतालमा बिरामीको चाप निकै घट्ने र व्यवस्थापन सहज हुने विश्वास लिइएको छ। लहान नगरवासीले आफ्नै नगर अस्पतालबाट आकस्मिक र विशेषज्ञ सेवा पाउने भएपछि प्रादेशिक अस्पतालमा छिमेकी जिल्लाबाट आउने सर्वसाधारणले पनि छिटोछरितो सेवा पाउने वातावरण बन्नेछ। निर्माणाधीन नगर अस्पतालको भवन मूल्य अभिवृद्धि कर (भ्याट)सहित कुल १२ करोड ५२ लाख १९ हजार रुपैयाँको लागतमा निर्माण भइरहेको हो। लहान नगरपालिका र निर्माण कम्पनी मल्टिटेक कन्स्ट्रक्सन एन्ड सप्लायर्सबीच २०८० साल चैत १५ गते यसको निर्माण सम्झौता भएको थियो।

लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले यस अस्पताललाई आफ्नो कार्यकालको एक महत्त्वपूर्ण र गौरवको आयोजनाका रूपमा लिएको बताउनुभयो। नगरप्रमुख चौधरीका अनुसार यो अस्पताल विशेषगरी आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित गरिब, विपन्न र ग्रामीण क्षेत्रका नागरिकका लागि वरदान सावित हुनेछ। उहाँले भन्नुभयो, "लहानमा प्रादेशिक अस्पताल भए पनि छिमेकी जिल्ला सप्तरी र उदयपुरदेखिका बिरामी आउने भएकाले त्यहाँ सधैँ चाप हुन्थ्यो। हाम्रा नगरवासीले सामान्य उपचारका लागि पनि लामो समय कुर्नुपर्ने अवस्था थियो। नगरमै यो अर्को सुविधासम्पन्न अस्पताल बनेपछि त्यो चाप स्वतः सहज हुनेछ। यो १५ शय्याको अस्पतालमा मुख्य रूपमा प्रसूति (मातृशिशु) तथा बालरोगसम्बन्धी विशिष्टीकृत सेवा उपलब्ध गराइनेछ। अहिले दुई तलाको काम सकिन लागेको छ भने तेस्रो तलामा आवश्यकताअनुसार थप संरचना व्यवस्थापनका लागि ट्रष्ट हाल्ने नगरको योजना छ।"

अस्पताल भवनको प्राविधिक तथा भौतिक संरचना निकै सुविधासम्पन्न र वैज्ञानिक ढङ्गले डिजाइन गरिएको छ। निर्माण व्यवसायी मल्टिटेक कन्स्ट्रक्सन एन्ड सप्लायर्सका प्रबन्धक महेशकुमार देवका अनुसार अस्पतालमा कोठाको सङ्ख्या र व्यवस्थापन बिरामी तथा चिकित्सकलाई सहज हुनेगरी मिलाइएको छ। प्रबन्धक देवले निर्माणको प्रगतिबारे जानकारी दिँदै भन्नुभयो, "हामीले गुणस्तरमा कुनै सम्झौता नगरी दिनरात काम गरिरहेका छौँ। अस्पतालको पहिलो तलामा प्रशासनिक, आकस्मिक (इमर्जेन्सी) र ओपिडी सेवासहित ४० वटा कोठा रहनेछन् भने दोस्रो तलामा जनरल वार्ड, प्रसूतिगृह र अपरेसन थियटरसहित ६२ वटा कोठा रहनेछन्। सम्झौताको म्याद आगामी असार १५ गतेसम्ममात्र छ। हामी निर्धारित समयभित्रै सम्पूर्ण काम दुरुस्त पारेर स्थानीय सरकारलाई भवन हस्तान्तरण गर्ने दाबी गर्दछौँ।"

हाल लहान नगरपालिकाको कुल जनसङ्ख्या एक लाख १० हजारभन्दा बढी छ। यो अस्पताल सञ्चालनमा आएपछि नगरका २४ वटै वडाका नागरिकले प्रत्यक्ष रूपमा गुणस्तरीय र सुलभ स्वास्थ्योपचार सेवा पाउनेछन्। विशेषगरी लहानको उत्तरी भेग र ग्रामीण क्षेत्रका गर्भवती तथा बालबालिका सामान्य उपचार र प्रसूति सेवाका लागि पनि टाढाका सहर वा निजी क्लिनिकमा महँगो शुल्क तिर्न बाध्य छन्। नगरले भवन हस्तान्तरणलगत्तै अस्पतालको आन्तरिक व्यवस्थापन र जनशक्ति मिलाएर सेवा सञ्चालन गर्ने लक्ष्य राखेको छ।

# सिँचाइका लागि जडान भएका १० वटा ट्रान्सफर्मर चोरी

जनकपुरधाम, ८ जेठ। धनुषा तथा महोतरी जिल्लामा भूमिगत सिँचाइका लागि जडान भएको १० वटा डिपट्युवेलको ट्रान्सफर्मर चोरी हुँदा सिँचाइ सुविधा अवरुद्ध भएको छ। मधेस प्रदेश जलस्रोत तथा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालयका निमित प्रमुख एवं इञ्जिनियर अमलेश यादवका अनुसार धनुषा जिल्लाको औरही वडा नं १ को पौडेश्वर, औरही वडा नं २ को परवाहा, नगराइनको फूलगामा तथा महोतरीको पिपरा गाउँपालिकाको बनौली, मटिहानीको धिरापुर, मनरासिस्वाको सरपल्लो, बर्दिवासको पशुपतिनगर, जलेश्वरको पिगौना तथा वलवा नगरपालिकाको वडा नं –११ मा ती ट्रान्सफर्मर चोरी भएको बताइएको छ।

एउटा ट्रान्सफर्मर जडान गर्दा रु छ लाख पर्ने उहाँको भनाइ छ। उहाँका अनुसार विगत तीन वर्षमा ती ट्रान्सफर्मर चोरी भएका हुन्। ट्रान्सफर्मरमा तामाको क्वायल जडान हुने र सोही कारण चोरी हुने गरेको उहाँको भनाइ छ। आकासे पानीको भरमा नहर एवं नदीनालाबाट सिँचाइको व्यवस्था नभएको अवस्थामा यो सुविधा राम्रो भएको महोतरी बर्दिवास वडा नं २ का किसान रमेश साहले बताउनुभयो।

डिभिजन कार्यालयद्वारा धनुषा तथा महोतरी जिल्लाको ग्रामीण क्षेत्रमा जडान गरिएको डिप ट्युववेल तथा पावरड्रिलबाट सिँचाइ सुविधा भइरहेको छ। चालू आर्थिक वर्षमा १०० वटा पावरड्रिल जडान गर्ने योजना रहेको तर बजेट कटौतीले समस्या भएको निमित्त प्रमुख यादवले बताउनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षमा एउटा मात्र डिपट्युवेल जडान गरिएको छ। एउटा डिपट्युवेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको छ। महोतरी तथा धनुषा जिल्लामा हालसम्म ३५ वटा डिपट्युवेल जडान भएका छन्। एउटा डिपट्युवेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी रकम लाग्ने गरेको छ। हाल महोतरी तथा धनुषा जिल्लामा हालसम्म ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेको सो कार्यालयका इञ्जिनियर यादवले जानकारी दिनुभयो। एउटा पावरड्रिलबाट नौ बिघा जमिनमा सिँचाइ हुने गरेको छ। एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा रु १६ लाख लाग्ने गरेको छ। अहिलेसम्म ५० वटा पावरड्रिल निमार्णमा रु एक करोड २९ लाख ६० हजार खर्च भएको कार्यालयको भनाइ छ। गत आर्थिक वर्षयता ८१ पावरड्रिल निर्माण गरिएको छ।

# लहानका विपन्न मुसहर परिवारलाई सुरक्षित आवास हस्तान्तरण

सिरहा, ८ जेठ। जिल्लाको लहान नगरपालिका–१३ घलेटेल मुसहर बस्तीका अतिविपन्न २० परिवारलाई नयाँ सुरक्षित घर हस्तान्तरण गरिएको छ। लहान नगरपालिका, ह्याविट्याट फर ह्युमानिटी नेपाल र भवानी एकीकृत विकास केन्द्रको त्रिपक्षीय साझेदारीमा निर्माण भएका ती घर आज यहाँ आयोजित एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको हो।

आर्थिक वर्ष २०८१/८२ को 'विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण कार्यक्रम' अन्तर्गत लहान नगरपालिकाको रु ६९ लाख ४ हजार र ह्याविट्याट फर ह्युमानिटी नेपालको रु १६ लाख ६६ हजारको आर्थिक लगानीमा ती आवास निर्माण गरिएका हुन्। घर निर्माणमा भवानी एकीकृत विकास केन्द्रको प्राविधिक सहयोग रहेको थियो भने लाभग्राही परिवारले आफैँ श्रमदान गरेका थिए।

नवनिर्मित प्रत्येक घरमा दुईवटा कोठा, एक भान्सा कोठा, बरण्डा र शौचालयको व्यवस्था गरिएको छ। भवानी एकीकृत विकास केन्द्रका प्राविधिक एवं कार्यक्रम संयोजक सुजित चौधरीका अनुसार यी घरहरू भूकम्पप्रतिरोधी हुनुका साथै यिनीहरूको न्यूनतम आयु ३० वर्षभन्दा बढी छ।

नयाँ घरको चाबी हस्तान्तरण गर्दै लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले नगरभित्रका कोही पनि विपन्न नागरिक घरविहीन हुन नपरोस् भन्ने उद्देश्यले स्थानीय सरकारले काम गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हरेक विपन्न र भूमिहीन नागरिकको एउटा सुरक्षित र भरपर्दो घर होस् भन्ने सपना हुन्छ। स्थानीय सरकारको हैसियतले हामीले उहाँहरूको त्यही सपनालाई क्रमशः साकार पार्दै लगेका छौँ। यो अभियान आगामी दिनमा पनि निरन्तर जारी रहनेछ।"

यसअघि यहाँका वडा नम्बर १५, १२, २१, २२ र १३ मा गरी दुई सयभन्दा बढी सुरक्षित घर निर्माण गरेर लक्षित परिवारलाई हस्तान्तरण गरिसकिएको छ। विगत लामो समयदेखि आवासको क्षेत्रमा काम गरिरहेको ह्याविट्याट फर ह्युमानिटी नेपालका कार्यक्रम संयोजक नासिन श्रवणले संस्थाले सिरहामा सुरक्षित आवासका लागि निरन्तर सहकार्य गरिरहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षभित्र नगरको वडा नं १३ मा थप १० घर, वडा नं १५ मा सात घर र वडा नं १८ मा आठ घर निर्माण गरी हस्तान्तरण गर्ने योजना छ।

त्यस्तै, प्राविधिक सहयोग पुर्‍याएको भवानी एकीकृत विकास केन्द्रका कार्यक्रम निर्देशक सुजित चौधरीले नवनिर्मित घर बलियो र सुरक्षित रहेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "यी नवनिर्मित घर प्राविधिक रूपमा पूर्ण रूपमा भूकम्पप्रतिरोधी छन्। स्थानीय वातावरण अनुकूल हुनेगरी निर्माण गरिएका यी घरको आयु ३० वर्षभन्दा बढी छ। जसले गर्दा मुसहर परिवार अब वर्षा र मौसमको जोखिमबाट सुरक्षित रहनेछन्।"

यसैबीच, वर्षौंदेखि फुसको कच्ची झुपडीमा कष्टकर जीवन बिताउँदै आएका घलेटोलका मुसहर परिवार आधुनिक र सुरक्षित पक्की घर पाएपछि हर्षित भएका छन्। नगरको यो काम सकारात्मक पहलका रूपमा रहेको स्थानीयले प्रतिक्रिया दिएका छन्।

# डुबेर एकैदिन चार बालिकाको मृत्यु

महोत्तरी, ८ जेठ। महोत्तरीमा डुबेर चार जना बालिकाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार आज जिल्लाको मनरासिस्वा नगरपालिका–७ सरपल्लो गाउँको नदीमा तीन बालिका र गौशाला नगरपालिका–४ रजखोर गाउँमा एक बालिकाको डुबेर मृत्यु भएको हो। मनरासिस्वा नपा–७ सरपल्लोका वीरेन्द्र भण्डारीकी छोरीहरु १२ वर्षीया स्नेहाकुमारी र छ वर्षीया शिवानीकुमारी तथा अजिज नदाफकी छोरी १२ वर्षीया अफसाना खातुनको डुबेर मृत्यु भएको हो। सरपल्लो गाउँकी तीनै जना बालिका आज दिउँसो अङ्कुशी र जङ्घा नदीको दोभानमा नुहाउन गएका थिए। नुहाउने क्रममा खुट्टा चिप्लेर नदीमा डुबेर मृत्यु भएको हो।

प्रहरीका अनुसार गौशाला नपा–४ रजखोर गाउँ बस्ने नरेश महतोकी छोरी दुई वर्षीया दीपिका कुमारीको घर नजिकै रहेको खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको प्रहरी निरीक्षक रमेश लामाले बताउनुभयो। मृतक चारै बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाइएको छ। घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# कांग्रेस सरकारसँग मिलेर काम गर्न चाहन्छः सभापति थापा

सुनसरी, ८ जेठ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वर्तमान सरकारसँग कांग्रेस मिलेर काम गर्न चाहेको बताउनुभएको छ। सुनसरी कोशी गाउँपालिका–१ सिटीहलमा आज नेपाली कांग्रेस केन्द्रीय प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको कोशी प्रदेशस्तरी जरा अभियान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले सो कुरा बताउनुभयो। नागरिकको जनजीविकासहित विभिन्न मुद्दामा नेपाली कांग्रेसले सरकारसँग छलफल, संवाद गरेर कार्य गर्न चाहेको उहाँको भनाइ थियो। सरकारले सञ्चालन गरेको संविधान संशोधनको बहसमा नेपाली कांग्रेसको चित्त नबुझेको बताउनुहुँदै संविधान संशोधन परिपक्व ढङ्गले अगाडि बढाउनुपर्नेमा सभापति थापाले सुझाव दिनुभयो।

## फरार प्रतिवादी...

कार्यालय खैरहनीबाट खटिएको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको थियो। पक्राउ परेका महरालाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान सुरु गरिएको छ।

सानो आगो भनी बेवास्ता नगर,
क्षणमै हुन सक्छ खरानी ठुलो घर
ध्यान दिऔं, सजग रहौं, आगलागीबाट जीवन सुरक्षित बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)